# इन्द्रेणी ई-बुलेटिन

समाज परिवर्तनको संवाहक

इ-बुलेटिन मासिक | अंक ३ | वर्ष १ | महिनाः कार्तिक २०७२



**संरक्षक**
रुद्र मश्राङ्गी

**सम्पादक**
दशरथ अस्लामी

**सम्पादन सहयोगी**
राम बहादुर पाटा
यम राना
नवराज शर्मा
गोपाल खराल
निर्मला दर्नालि

**सम्पर्कको लागि**
इन्द्रेणी समाज केन्द्र, नेपाल
फोन ०७५९२००९१
इमेलः iskpalpa@yahoo.com
वेवसाइटः www.isknepal.org.np
फेसवुकः www.facebook.com/Indreni-Samaj-Kendra-ISK-Nepal





## समाचार संक्षेप-:

- कुसुमखोलामा लान्छना र भेदभाव न्युनिकरण तालिम सम्पन्न ।
- गल्धा र मित्यालको विभिन्न समूहमा तरकारीको वीउ वितरण सम्पन्न।
- पाल्पाको बीरकोटका आप्रवासी कामदारहरुसंग एचआइभी यौनरोग बारे छलफल सम्पन्न।
- गल्धा र मित्याल गाउँ विकास समितिका परियोजना व्यवस्थापन समिति बैठक सम्पन्न।
- रामपुर र तानसेन डिआइसीमा योजनावद्ध समूह छलफल सम्पन्न ।




## तीजगीत तथा नृत्य कार्यक्रम सम्पन्न

इन्द्रेणी समाज केन्द्र नेपालद्वारा हेफर इन्टरनेशनल नेपाल, मित्याल र गल्धा गा.वि.स.को साझेदारीमा सञ्चालित साना किसान उद्यमी सवलीकरण परियोजना र अन्तर्राष्ट्रिय विकासका लगी अमेरिकी सहयोग नियोग USAID साथ साथ परियोजनाको संयुक्त आयोजनामा २०७२ साल असोज ११ गते स्वावलम्बी समूहहरु बीच खुल्ला तीजगीत तथा नृत्य प्रतियोगिता कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा मित्याल र गल्धा गाउँ विकास समितिका ४९ स्वावलम्बी समूहले सहभागिता जनाएका थिए । इन्द्रेणी समाज केन्द्र नेपालका अध्यक्ष श्रीदमनसिंह थापाको सभापतित्वमा सम्पन्न कार्यक्रम करिव ३ हजार दर्शकहरुले अवलोकन गरेका थिए । कार्यक्रम संस्थाद्वारा गठित स्वावलम्बि समूहहरुको भेटघाट गरि एकअर्कावीच चिनजान गराउने, महिलाहरुमा लुकेर रहेका क्षमता तथा प्रतिभाहरु प्रस्फूटन गर्ने, एचआइभी यौनरोग तथा संस्थाले प्रदान गर्ने सेवाको बारेमा जानकारी दिने लगायतका उद्धेश्यले गरिएको थियो । सो प्रतियोगितामा गल्धाफाँट महिला मूल समूह गल्धा ८ र ९ गल्धाफाँट प्रथम, जनविकास महिला मूल समूह मित्याल ३ लामेदमार द्धितिय र स्वामीभञ्ज्याङ्ग महिला उपहार समूह गल्धा ६ तमस्गिरी तृतिय भएका थिए । कार्यक्रम ओम बहादुर मश्राङ्गी, खेमौति आले र निरबहादुर सुनारीले संचालन गरेका थिए ।

**लक्ष्यको आधा बाटोमा पुगेर कहिल्यै नफर्किनु, किनकि फर्किनुलाई पनि उत्ति बाटो पार गर्नुपर्छ।**









**मानिस आफ्नो खुसीले जन्मिएको पनि होइन र आफु खुसीले मर्ने पनि होइन ।**

**-गोपालप्रसाद रिमाल ।**

**केही प्रतिक्रिया भए इमेल पठाउनुहोस् ।**

Email: iskpalpa@yahoo.com

## गुच्चा फुल बनाउने तालिम रामपुरमा सम्पन्न ।

इन्द्रेणी समाज केन्द्र नेपालद्धारा अर्न्तराष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (USAID) साथ साथ प्रोजेक्टको आर्थिक तथा प्राविधिक सहयोगमा संचालित एचआईभी, यौन रोग रोकथाम, हेरचाह तथा उपचार कार्यक्रम अन्तर्गत मिति २०७२ असोज २१ गते सहमती डिआईसी रामपुरमा अतिरिक्त क्रियाकलाप अन्तर्गत गुच्चा फुल बनाउने तालिम सम्पन्न गरियो । २ जना आप्रवासी कामदार १८ जना आप्रवासी कामदारका श्रीमतीहरु गरी जम्मा २० जनाको सक्रिय सहभागीतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो । तालिममा एचआइभी एड्स, यौनरोग, कण्डमको सम्झौतासिप लगायतको बारेमा छलफल गरिएको थियो । तालिमको सहजीकरण इन्द्रेणी समाज केन्द्र नेपाल, साथ-साथ प्रोजेक्टकी आउटरीच एजुकेटर सुस्मिता सिंजाली र रामपुर डिआईसी अपरेटर चित्रा सोतीले गर्नुभएको थियो । कार्यक्रम सहभागीहरुलाई साथ-साथ प्राजेक्ट मार्फत संचालित कार्यक्रम तथा उपलब्ध सेवाहरुको बारेमा जानकारी गराउने, यौनरोग, एच्आईभी, कण्डमको सहि र नियमित प्रयोगको बारेमा जानकारी तथा शिक्षा दिने तथा सहभागीहरु बिचमा कण्डमको सहि प्रयोगका बारेमा जानकारी पुऱ्याउने साथै जाँचका लागी सेवा केन्द्रबारे जानकारी गराउने उद्धेश्यले संचालन गरिएको थियो ।

## फोटो ग्यालरी



भूकम्प प्रभावितहरुलाई रकम हस्तान्त्रण गर्दै



गुच्चा फुल बनाएपछि सहभागीहरु



शुभकामना कार्ड बनाउने तालिम

## भुकम्प प्रभावितहरुलाई समूह सहयोग कोष रकम वितरण ।

इन्द्रेणी समाज केन्द्र नेपालद्धारा हेफर इन्टरनेश्नल नेपाल, मित्याल र गल्धा गा.वि.स.को साझेदारीमा सञ्चालित साना किसान उद्यमी सवलीकरण परियोजना अन्तर्गत गल्धा र मित्यालका भुकम्प प्रभावितहरुलाई समूह सहयोग कोष रकम वितरण गरिएको छ । गल्धा र मित्याल गरि १९४ घरपरिवारलाई रकम रु. १५०००।- का दरले रु. २९ लाख १० हजार वितरण गरिएको साना किसान उद्यमी सवलीकरण परियोजनाका संयोजक रामबहादुर पाटाले जानकारी दिनुभयो । उक्त रकम भुकम्प प्रभावितहरुले आयमूलक कार्यमा लगानी गरि निश्चित अवधिमा समूहलाई फिर्ता गरि कोषमा जम्मा गर्ने प्रावधान रहेको कुरा संयोजक पाटाले बताउनुभयो । वितरण कार्यक्रममा भुकम्प प्रभावितहरुले आफुहरुलाई ठुलो राहात मिलेकोमा खुशी ब्यात्त गरेका थिए ।

## इन्द्रेणीको गमला बनाउने तालिम पालुङ्मैनादीमा सम्पन्न

इन्द्रेणी समाज केन्द्र नेपालले अर्न्तराष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (USAID) साथ साथ प्रोजेक्टको आर्थिक तथा प्राविधिक सहयोगमा संचालित एचआईभी र एड्स तथा यौन रोग रोकथाम, उपचार तथा हेरचाह कार्यक्रम अन्तर्गत २०७२ आश्विन २१ गते पालुङ्मैनादी डिआईसी हलमा अतिरिक्त कृयाकलाप अन्तर्गत प्लाष्टिक गमला बनाउने तालिम सम्पन्न गरेको छ । तालिम संगसँगै सहभागीहरुलाई एचआइभी तथा यौन रोग, साथ साथ प्रोजेक्टको क्लिनिक सेवा बारेमा विस्तृत जानकारी दिनुका साथै जाँचको लागि क्लिनिकको दिन आउन आग्रह गरिएको थियो । कार्यक्रम डिआईसीबाट दिने सेवा सम्बन्धमा सहभागीहरुलाई जानकारी गराउने, साथ साथ प्राजेक्ट द्वारा संचालित कार्यक्रम र उपलब्ध सेवा हरुको बारेमा जनकारी गराउने, सहभागीहरुलाई रमाइलो माध्यमबाट एचआईभी तथा यौनरोगका बारेमा छलफल गरी सचेत गराउने उद्धेश्यले गरिएको थियो ।



गल्धामा भएको तीज कार्यक्रम एक झलक




इन्द्रेणीको होडिङबोर्ड प्रभासमा